टोखा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं।

# औषधी खरिदको शिलवन्दी दरभाउपत्र सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६/०१/११)**

यस कार्यालय र अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा चालु आर्थिक वर्ष २०७५/७६ को वांकी अवधिको लागि आवश्यक पर्ने गुणस्तरीय औषधीहरु शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकोले ईजाजत प्राप्त फर्म, संस्था, सप्लायर्सहरु वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रहि रीतपुर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१. दरभाउपत्र फारम मिति २०७६।०१।२५ गतेको कार्यालय समय भित्र निम्न वमोजिम नगदै (फिर्ता नहुने गरी) यस कार्यालयको राजस्व शाखामा बुझाई अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र, फर्म/संस्था/कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणहरु निवेदन साथ पेश गर्नु पर्नेछ।

२. खरिद गरिएका दरभाउपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। दरभाउपत्र दाताहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न वाधा पुगेको मानिने छैन। दरभाउपत्र फारम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु बिदा पछि कार्यालय खुलेको लगत्तै तत् तत् समयमा हुनेछ।

३. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको, भनी लिखित रुपमा गरेको घोषणा कागजात दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

४. दरभाउपत्र फाराम साथ जमानत वापत तपशिलमा उल्लेखित धरौटी रकम यस कार्यालयको एन. आइ. सि. एशिया वैंक, महाराजगंज, काठमाण्डौमा रहेको धरौटी खाता नं. १३CA५०२५५१५२४००१ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट यस नगरपालिकाको नाममा जारी भएको सक्कल बैंक ग्यारेन्टी(Bid Bond) शिलवन्दी दरभाउपत्र खोलेका मितिबाट गणना हुने गरि कम्तिमा ७५ दिन म्याद भएको हुनु पर्नेछ।

५. दरभाउपत्र फारममा दररेट भर्दा अंक र अक्षरमा प्रष्ट संग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

६. दरभाउपत्र सम्बन्धी यो सूचना यस कार्यालयको website: www.tokhamun.gov.np मा पनि हेर्न सकिनेछ। साथै यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस कार्यालयको फोन नं. ०१-४३८५०१३ वा ईमेल: hellotokha@gmail.com मा सम्पर्क गर्न सकिनेछ।

७. दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीहरुको म्याद आपुर्ती हुंदाको समयमा कुल उपभोग योग्य अवधिको कम्तिमा ७५ प्रतिशत हुनु पर्नेछ।

८. दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीहरुमा **"टोखा नगरपालिकावाट निशुल्क उपलव्ध"** भन्ने शब्द लेखिएको हुनु पर्नेछ।

९. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन्।

१०. प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रीत नपुगेका र म्याद नाघी आएका दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन।

११. यस सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

| कन्ट्रयाक्ट नं. | खरिद सम्बन्धी बिवरण | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फाराम खरिद गर्न सकिने अन्तिम मिति | सिलबन्दी खाम पेश गर्ने अन्तिम मिति | खोलिने मिति र समय | फारम दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| ०१४/०७५/७६ | Supply and Delivery of Medicine to Tokha Municipality | ४५,०००।०० | २०७६/०१/२५ कार्यालय समय भित्र | २०७६/०१/२६ मध्यान्ह १२.०० बजे | २०७६/०१/२६ दिनको १ बजे | १००० ।०० |

**प्रमुख प्रशासकीय अधिकृत**